"समृद्धिका लागि सञ्चारकर्म, प्रेस चौतारी नेपालको मूलमर्म"

PRESS CHAUTARI
Estd. 1998

# प्रेस चौतारी नेपाल
Press Chautari Nepal
कोशी प्रदेश समिति

मिति : २०८२ भदौ ७

## प्रेस विज्ञप्ति

प्रेस चौतारी नेपालले संस्थागत रुपमा कोशी प्रदेश आमसञ्चार विधेयक ल्याउन आवश्यक रहेको विषयमा विगतदेखि नै सरकारसँग माग राख्दै आएको स्पष्ट जानकारी गराउन चाहन्छौँ । यसै सन्दर्भमा, कोशी प्रदेश सरकारले २०८१ माघ १८ गते प्रदेश सभामा 'कोशी प्रदेश आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' दर्ता गरी सरोकारवालाहरूसँग समेत छलफल र राय सुझाव संकलन गर्दा हाम्रो माग सम्बोधन हुनेमा हामी विश्वस्त रहँदै आएका थियौँ । विधेयकले कोशी प्रदेशभित्रका आमसञ्चार माध्यमको सबलीकरण गर्दै पत्रकारहरूको न्यूनतम् पारिश्रमिक कार्यान्वयन, क्षमता विकास, प्रशिक्षण, विशेष सेवा सुविधा, पत्रकार बीमा, सामाजिक सुरक्षा, पत्रकार सुरक्षा, पत्रकार महिलालाई स्तनपान कक्ष, पत्रकार कल्याण कोष र प्रदेशभित्र रहेका सञ्चारमाध्यमहरूलाई समानुपातिक विज्ञापन वितरण गर्ने लगायतका कामका लागि संरचना तयार गर्ने व्यवस्थाप्रति सरकारलाई धन्यवाद दिन चाहन्छौँ । उक्त व्यवस्थालाई कार्यान्वयन गर्न प्रदेश सरकार र आन्तरिक मामिला तथा कानुन मन्त्रालयले सकारात्मक पहल कदमी लिने प्रतिवद्धता समेतले कोशी प्रदेशको आम सञ्चार क्षेत्र उत्साहित भएको थियो । विधेयक प्रदेश सभामा पेश भएपछि केही दफाहरू समग्र प्रेसको प्रतिकुल हुने गरी देखिन आएको सन्दर्भमा नेपाल पत्रकार महासंघ कोशी प्रदेश समितिको नेतृत्वमा पत्रकार सम्वद्ध सबै संघ संगठनहरूको समेत सहभागितामा लिखित रुपमा विधेयकमाथि साझा धारणा र सुझाव तयार गरी पेश गरेको कुरा गम्भीरतापूर्वक पुनः स्मरण गराउन चाहन्छौँ । हामीले पेश गरेका सुझावहरू सम्बोधन हुने आशा गरेका थियौँ । तर, कोशी प्रदेश सभाको न्याय, प्रशासन तथा विधायन समितिले तयार गरेको 'कोशी प्रदेश आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' माथिको समितिको प्रतिवेदन मिति २०८२ भदौ ६ गते प्रदेश सभाको ३८ औं बैठकमा पेश भएको छ । प्रदेशसभा, विषयगत समिति र सरकार समक्ष पेश भएका हामीले पेश गरेका साझा सुझावहरूलाई सम्बोधन गर्न आग्रह गर्दछौँ । प्रदेशसभामा प्रस्तुत भएको समितिको प्रतिवेदनमा निम्नानुसार हाम्रो असहमति रहेको जानकारी गराउन चाहन्छौँ।

- *विधेयकको दफा ७ को (ज) मा 'पत्रकार तथा आमसञ्चार सम्बन्धी आचारसंहिता स्वीकृत गरी कार्यन्वयन गर्ने, गराउने' र यस सम्बन्धी सजाय गर्ने व्यवस्थाका लागि दफा (५७) मा 'कुनै आमसञ्चार माध्यम वा संस्था वा पत्रकारले व्यवसायिक आचार संहिता उल्लङ्घन गरेमा प्रतिष्ठान समक्ष जोसुकैले निवेदन दिन सकिनेछ' भनि गरिएको व्यवस्था सिद्धान्तः प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता प्रतिकुल रहेको ठहर गर्दछौँ ।*
- *विधेयकको दफा ८ को (घ) मा प्रतिष्ठानको 'अध्यक्षको योग्यता' सम्बन्धी व्यवस्थामा 'नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको' भन्ने व्यवस्था नै उचित रहेको हाम्रो ठहर छ ।*
- *विधेयकको दफा १४ को उपदफा (४) मा प्रेस रजिष्ट्रारको पारिश्रमिक तथा अन्य सेवा सुविधा सम्बन्धी व्यवस्था अनुसूची–१ बमोजिम हुने भनिएकोमा, उक्त अनुसूचीमा प्रेस रजिष्ट्रारको पारिश्रमिक रकम तोकिएको प्रति हाम्रो असहमति रहेको छ । प्रेस रजिष्ट्रारको स्पष्ट तह किटान गर्न जोडदार माग गर्दछौँ ।*

विराटनगर महानगरपालिका–२, मुनालपथ
फोन नं. ०२१-५११३११, इमेल- chautarikoshi@gmail.com

- *विधेयकको दफा २६ मा 'प्रशारणमा रोक लगाउन सकिने' सम्बन्धी व्यवस्थाको व्याख्या संविधानको मर्म प्रतिकुल रहेको छ । संविधानले कानुन बनाएर दण्डनीय हुने गरी व्यवस्था गरेपनि विधेयक र समितिको प्रतिवेदनमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरेकै आधारमा प्रशारण रोक लगाउन सक्ने व्यवस्था तथा यसैको कसुरमा हुने दण्डजरिवानासम्बन्धि दफा ५२ (३) मा २५ हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्थामा हाम्रो गम्भीर असहमति रहेको छ ।*
- *विधेयकको दफा २७ को कसुरमा हुने दण्डजरिवाना सम्बन्धी व्यवस्थामा 'तोकिए बमोजिमको जरिवाना गर्न सक्नेछ' भनि प्रदेश सरकारले नियमावलीमार्फत थप कडाई गर्ने गरी लक्षित गर्न खोजेको प्रति गम्भीर असहमति रहेको छ ।*
- *विधेयकको दफा ३० को 'सामग्री प्रसारण गर्न बन्देज' सम्बन्धी सम्पूर्ण व्यवस्थाको व्याख्या नियतवश् दुरुपयोग हुनसक्नेतर्फ हाम्रो आशंका रहेकोले यसमा असहमति रहेको छ ।*
- *विधेयकको दफा ५४ को 'सजाय गर्ने अधिकारी' सम्बन्धी व्यवस्थामा प्रतिवेदनमार्फत प्रदेश रजिष्ट्रारलाई मुद्दाको सुरु कारवाही र किनारा गर्ने अधिकार दिएको छ । यो अधिकार रजिष्ट्रारलाई नभई प्रतिष्ठानलाई हुनुपर्ने हाम्रो स्पष्ट धारणा रहेको छ ।*

पुनश्चः प्रदेश सभाको न्याय, प्रशासन तथा विधायन समितिमा रहेका माननीय सदस्यहरूले विधेयकमाथिको छलफलका क्रममा संचारमाध्यम र पत्रकारहरूलाई अंकुश लगाउने, कारवाही र क्षतिपूर्ति भराउन एकमत भएको विषयलाई हामी गम्भीरताका साथ लिएका छौं । उक्त कार्यले संविधानप्रदत्त प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितका लागि नेकपा एमाले, नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रबाट प्रतिनिधित्व गर्ने समितिका सबै सदस्यहरूको प्रतिवद्धतामाथि गम्भीर आशंका व्यक्त गर्दै स्पष्ट धारणा माग गर्दछौं ।

अझैपनि हाम्रा सुझावहरूलाई सम्बोधन गर्ने बाटो खोली वार्ता र संवादको माध्यमबाटै अझ प्रेसमैत्री कानुन निर्माण गर्ने प्रक्रिया अघि बढाउन प्रदेशसभा, समिति र सरकारसँग जोडदार माग गर्दछौं । हाम्रा मागहरूलाई वेवास्ता गरिएको खण्डमा बाध्य भएर विधेयकको प्रतिवादमा उत्रिने जानकारी गराउन चाहन्छौं ।

बाबुराम भण्डारी
(महासचिव)

विराटनगर महानगरपालिका-२, मुनालपथ
फोन नं. ०२१-५११३११, इमेल- chautarikoshi@gmail.com

CamScanner